बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, चितवन
**सव डिभिजन वन कार्यालय, पदमपुर**
**पदमपुर, चितवन**

प.सं. : २०८२/०८३ च.नं. : मिति : २०८२/०८/१४

अनुसन्धान अधिकृत द.नं. : ११४६

<u>सवारी साधन हकदावी गर्न आउने बारेको सूचना !</u>

मिति २०८२/०५/१५ गतेका दिन बिहान अ.४.४५ बजेको समयमा जिल्ला चितवन कालिका नगरपालिका वडा नं. ३ स्थित जोरकरमबाट मिलनचोकतर्फ मोटरसाईकलमा काठ निकासि हुँदैछ भन्ने सूचना प्राप्त भएपश्चात तत्काल खटिई गएको सव डिभिजन वन कार्यालय पदमपुरका कर्मचारी सहितको टोलिले जिल्ला चितवन कालिका नगरपालिका वडा नं. ३ स्थित पूर्वमा: काठेपुल जाने बाटो, पश्चिममा: करोडपति पुल/गणेश मन्दिर जाने बाटो, उत्तरमा: दुईसय विघा जाने बाटो र दक्षिणमा: सिँचाई कुलो/बाटो यति चारकिल्लाभित्र पर्ने मिलनचोक पुग्दा ना १३ प १९०१ नम्बरको यामाहा कम्पनीको निलो रंगको १२५ सि.सि. को वाई वि एक्स मोडलको मोटरसाईकलमा एक जना मोटरसाईकल चलाउने र एक जना पछाडि बसि गोलिया काठ समाउदै ल्याईरहेको अवस्थामा भेटि पक्राउ गर्न खोज्दाखोज्दै अचानक ल्याईरहेको उक्त काठ र तपसिलमा उल्लेखित विस्तृत विवरणको मोटरसाईकल सोहि स्थानमा छाडि भागि फरार भएकोमा डिभिजन वन कार्यालय चितवनको च.नं.४१३ मिति २०८२/०५/२४ गतेको आदेश अनुसार अनुसन्धान कार्य जारी रहेकोले उक्त बरामद भएको मोटरसाईकल को कसको हो आफुसँग पुष्टाई हुने सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र हकदावी गर्न उपस्थित हुन आउनुहोला । हदम्याद भित्र पुष्टयाई हुने सबुद प्रमाण लिई उपस्थित हुन नआएमा प्रचलित ऐन कानून बमोजिम भैजाने बेहोरा यसै सूचना अनुसार सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

<u>तपसिल</u>

ना १३ प १९०१ नम्बरको यामाहा कम्पनीको निलो रंगको १२५ सि.सि. को वाई वि एक्स मोडलको मोटरसाईकल (ईन्जिन नं. : **35B3006136** च्यासिस नं. : **ME135B03692006094**)

सम्पर्क व्यक्ती/संस्था: अनुसन्धान अधिकृत बालकृष्ण खनाल, सव डिभिजन वन कार्यालय पदमपुर वा डिभिजन वन कार्यालय चितवन